भगवानपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भगवानपुर, सिरहा
मधेश प्रदेश, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८०।०४।१५)

भगवानपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालय तथा गाउँ कार्यपालिकाको विभिन्न शाखामा रहने गरी तपसिलको संख्या र योग्यता भएको चिकित्सक, स्वास्थ्यकर्मी, गाउँ प्रहरी तथा प्राविधिक/अप्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ | यसको दरखास्त फाराम, दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.bhagwanpurmun.gov.np बाट उपलब्ध हुनेछ |

| क. सं. | विज्ञापन नं. | पद नाम | तह | संख्या | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०८०/८१ | मेडिकल अधिकृत (चिकित्सक) | अधिकृत आठौं | १ | १०००।- | |
| २. | ०२/२०८०/८१ | सूचना प्रविधि अधिकृत | अधिकृत छैटौं | १ | १०००।- | |
| ३. | ०३/२०८०/८१ | कृषि स्नातक | अधिकृत छैटौं | १ | १०००।- | |
| ४. | ०४/२०८०/८१ | ईन्जिनियर (सिभिल) | अधिकृत छैटौं | १ | १०००।- | |
| ५. | ०५/२०८०/८१ | सब- ईन्जिनियर | सहायक पाँचौं | २ | ७००।- | |
| ६. | ०६/२०८०/८१ | रोजगार सहायक | सहायक पाँचौं | १ | ७००।- | |
| ७. | ०७/२०८०/८१ | प्राविधिक सहायक | सहायक पाँचौं | १ | ७००।- | |
| ८. | ०८/२०८०/८१ | सहायक कम्प्युटर अपरेटर | सहायक चौथो | २ | ५००।- | |
| ९. | ०९/२०८०/८१ | अमिन | सहायक पाँचौं | २ | ७००।- | |
| १०. | १०/२०८०/८१ | शिक्षक | मा. वि. (अँग्रेजी-१, नेपाली-२, विज्ञान-१,गणित विज्ञान-१, गणित-१) | ६ | १०००।- | |
| ११. | ११/२०८०/८१ | शिक्षक | नि. मा. वि. (अँग्रेजी-३, गणित-१, नेपाली-१, सामाजिक-१) | ६ | ७००।- | |
| १२. | १२/२०८०/८१ | शिक्षक | प्रा. शि. | १४ | ५००।- | |
| १३. | १३/२०८०/८१ | शिक्षक | कम्प्युटर | ३ | ५००।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४. | १४/२०८०/८१ | शिक्षक | बालविकास स. का. | ३ | ५००।- | |
| १५. | १५/२०८०/८१ | हेल्थ असिष्टेन्ट | सहायकस्तर पाँचौं | १ | ७००।- | |
| १६. | १६/२०८०/८१ | अ. न. मी. | सहायक चौथो | ३ | ५००।- | |
| १७. | १७/२०८०/८१ | पोषण स्वयम् सेवक महिला | सहायक चौथो | १ | ५००।- | |
| १८. | १८/२०८०/८१ | पशु सहायक | सहायक चौथो | ५ | ७००।- | |
| १९. | १९/२०८०/८१ | ब्याक हो लोडर अपरेटर | हेभी सवारी चालक | १ | ७००।- | |
| २०. | २०/२०८०/८१ | ट्रयाक्टर चालक | हलुका सवारी चालक | १ | ५००।- | |
| २१. | २१/२०८०/८१ | गाउँ प्रहरी सहायक निरीक्षक | सहायकस्तर पाँचौं | १ | ७००।- | |
| २२. | २२/२०८०/८१ | गाउँ प्रहरी जवान | सहायकस्तर दोश्रो | १० | ५००।- | |
| २३. | २३/२०८०/८१ | कार्यालय सहयोगी | श्रेणीविहिन | ११ | ५००।- | |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

(१) उम्मेदवार नेपाली नागरिक हुनुपर्नेछ।

(२) न्यूनतम शैक्षिक योग्यताः

**क. मेडिकल अधिकृत (चिकित्सक)को हकमा**

- नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट एम. बी. बी. एस. उत्तीर्ण
- नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको (स्थायी वा अस्थायी प्रमाण पत्र)

भगवानपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भगवानपुर, सिरहा मधेश प्रदेश, नेपाल

**ख. सूचना प्रविधि अधिकृतको हकमा**

- लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information & Communication Technologies वा सो सरहको विषयहरुमध्ये कुनै एक विषय लिई स्नातक तह (BIT, BIM, BBIS,BCA, BEIT, BSc. IT, BSc. CSIT) को उपाधि हासिल गरेको।

**ग. कृषि स्नातकको हकमा**

- मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विषयमा स्नातक तह उत्तीर्ण भएको।

**घ. इन्जिनियर (सिभिल) को हकमा**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा ब्यचालर अफ इन्जिनियरिङ्ग (बि. ई.) उत्तीर्ण भएको।

**ङ. सब- ईन्जिनियरको हकमा**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

**च. रोजगार सहायकको हकमा**

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको।
- आधारभूत कम्प्युटर सीप सम्बन्धी ३ महिने तालिम लिएको।

**छ. प्राविधिक सहायकको हकमा**

- कम्तिमा आधारभूत कम्प्युटर सीप सम्बन्धी ३ महिने तालिम लिएको।
- पूर्वाधारको निर्माण र मर्मत/स्तरोन्नतीका लागि आयोजनाको लगत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गाह्यता दिइनेछ।

**ज. सहायक कम्प्युटर अपरेटरको हकमा**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि सञ्चालित ३ महिनाको कम्प्युटर तालिम प्राप्त ।

**झ. अमिनको हकमा**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिइ एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तीमा १ (एक) वर्षको तालिम प्राप्त गरेको ।

**ञ. शिक्षक मा.वि. को हकमा**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको।

**ट. शिक्षक नि. मा.वि. को हकमा**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रवीणता प्रमाण पत्र वा सो सरह तह उत्तीर्ण गरेको।

**ठ. शिक्षक प्रा. शि. को हकमा**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र वा सो सरह तह उत्तीर्ण गरेको।

**ड. शिक्षक बालविकास स. का.को हकमा**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. ई. ई. वा सो सरह उत्तीर्ण

**ढ. हेल्थ असिष्टेन्टको हकमा**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिसिन विषयमा प्रविणता प्रमाण पत्र तह व सो सरह उत्तीर्ण गरेको।
- स्वास्थ्य व्यवसायिक परिषद्मा दर्ता भएको हुनुपर्ने।

**ण. अ. न. मी.को हकमा**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय उत्तीर्ण भएको।

त. पोषण स्वयम् सेवकको हकमा

- मान्यता प्राप्त शिक्षण संस्थआबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण

थ. पशु सहायक

- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे. टि. ए. (पशु विज्ञान, पशुपालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टी. एस. एल. सी. उत्तीर्ण वा सो सरह उत्तीर्ण।

द. ब्याक हो लोडर अपरेटर र ट्रयाक्टर चालकको हकमा

- सम्बन्धित सवारी साधनको सवारी चालक अनुमति पत्र प्राप्त

ध. गाउँ प्रहरी सहायक निरीक्षकको हकमा

- कुनै विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

न. गाउँ प्रहरी जवानको हकमा

- आधारभूत शिक्षा वा सो सरह उत्तीर्ण गरेको।

भगवानपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भगवानपुर, सिरहा
मधेश प्रदेश, नेपाल

**चन्द्र नारायण चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**

ञ. कार्यालय सहयोगीको हकमा

- साधारण लेखपढ गर्न जान्ने।

(३) उमेरः सम्पूर्ण पदहरुको हकमा १८ वर्ष पूरा भै ४५ वर्ष ननाघेको।

भगवानपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भगवानपुर, सिरहा
मधेश प्रदेश, नेपाल

२. **आवेदन दिने अन्तिम मितिः-** २०८०।०४।२९ गते कार्यालय समयसम्म।

३. **आवेदन दिने तरिकाः-** बुँदा नं. ५ मा उल्लेख भएका कागजातहरु एवं तोकिएको शुल्क यस गाउँपालिकाको राजश्व शाखामा जम्मा गरी भौचर संलग्न राखी स्वयं उपस्थित भई आवेदन दिने।

४. **दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि। पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

५. **तलब स्केल र भत्ताः-** गाउँ कार्यपालिकाले तोके बमोजिम।

६. **करार अवधिः-** २०८१ असार मसान्तसम्म। कार्य सम्पादन संतोषजनक भएमा करार थप गर्न सकिनेछ।

७. **थप जानकारीको लागि सम्पर्क नं. र इमेल ठेगानाः-** गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा, ९८५२८५८००१, bhagwanpurgaupalika@gmail.com

८. **छनौट प्रक्रियाः-**

- भगवानपुर गाउँपालिकाको करार प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७, भगवानपुर गाउँपालिकाको पालिका प्रहरी व्यवस्थापन कार्यविधि, २०७९, गाउँ स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८० तथा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्णय गरे बमोजिम।

९. **सूचनामा उल्लेख भएका बाहेक अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।**

पुनश्चः- *यस विज्ञापनमा भएका यसअघि गत आ. व. २०७९/८० मा विज्ञापन गरिएका पदहरुको हकमा उम्मेदवारहरुले पेश गरेका दरखास्त फारमहरुलाई समेत सामेल गराउने भएकोले सो बखत दरखास्त पेश गरेका उम्मेदवारहरुले आफ्ना कागजातहरु यस विज्ञापनको समयभित्र पुनः अद्यावधिक गराउनु हुन अनुरोध छ। साथै सो बखत तिरेका दरखास्त फारम दस्तुर नै मान्य हुनेछ। तोकिएको समयभित्र कागजातहरु अद्यावधिक हुन नसेकका दरखास्त फारमहरु यस विज्ञापनमा सामेल नहुने व्यहोरा समेत जानकारी गराइन्छ।*

चन्द्र नारायण चौधरी
प्रमुख प्रशासकीय अधिकृत

**चन्द्र नारायण चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**